नेपाल सरकार
# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
तर्जुमा शाखा

मिति: २०८२।१२।१९
नेपाल संवत् ११४६ चौलाथ्व पूर्णिमा

प.सं. [illegible]
च.नं. [illegible]

श्री वन तथा वातावरण मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषय: प्रत्यायोजित विधायन दर्ता सम्बन्धमा ।

प्रस्तुत विषयमा विधायन ऐन, २०८१ को दफा २४ बमोजिम प्रत्यायोजित विधायन दर्ताका लागि तहाँको च.नं. ११४, मिति २०८२।१२।१७ को पत्रसाथ प्राप्त भएका देहायका प्रत्यायोजित विधायन यस मन्त्रालयको अभिलेखमा दर्ता गरी एक प्रति यसैसाथ संलग्न राखी फिर्ता पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

१. प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०८२

२०८२।१२।१९

(नविन पौडेल)
शाखा अधिकृत

सिंहदरबार, काठमाडौं
फोन : ०१-४२११८७२, ४२११९७४, ४२११९८७, इमेल : infolaw@moljpa.gov.np
Website : www.moljpa.gov.np

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : निर्देशिका
दर्ता नं: ५८२/०८२
दर्ता मिति: २०८२/१२/१५

# प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०८२

प्लाष्टिक झोलाको नियमन तथा नियन्त्रण, प्रयोग र व्यवस्थापनलाई प्रभावकारी बनाउन वाञ्छनीय भएकोले वातावरण संरक्षण ऐन, २०७६ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस निर्देशिकाको नाम प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०८२ रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) "ऐन" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ सम्झनुपर्छ।

(ख) "नियमावली" भन्नाले वातावरण संरक्षण नियमावली, २०७७ सम्झनुपर्छ।

(ग) "प्लाष्टिक झोला" भन्नाले कुनैपनि आकारमा उपलब्ध हुने तथा अनूसूची (१) मा उल्लेख गरिएका कच्चा पदार्थ मध्येबाट बनेका र अनूसूची (२) मा उल्लेख गरिएका चारित्रिक गुणहरु भएको ग्रयानुल्स प्रयोग गरी उत्पादन गरिएको पोलिथिन प्लाष्टिक झोला सम्झनुपर्छ।

(घ) "मन्त्रालय" भन्नाले वन तथा वातावरण मन्त्रालय सम्झनुपर्छ।

(ङ) "विभाग" भन्नाले वातावरण विभाग सम्झनुपर्छ।

(च) "उत्पादक" भन्नाले प्लाष्टिक झोला उत्पादक सम्झनुपर्छ।

(छ) "आयातकर्ता" भन्नाले प्लाष्टिक झोला आयातकर्ता सम्झनुपर्छ।

(ज) "बिक्रेता" भन्नाले प्लाष्टिक झोला बिक्रेता सम्झनुपर्छ ।

(झ) "प्रयोगकर्ता" भन्नाले प्लाष्टिक झोला प्रयोगकर्ता सम्झनुपर्छ।

(ञ) "५ - आर" भन्नाले अनूसूची (३) मा दिइएका पाँच ओटा अवस्थालाई सम्झनुपर्छ।

(ट) "एक माइक्रोन" भन्नाले एक मिटरको दश लाख भाग मध्येको एक भागलाई सम्झनुपर्छ।

(ठ) "गार्बेज झोला (Garbage bag)" भन्नाले फोहोर राख्न प्रयोग गरिने झोलालाई सम्झनुपर्छ।

(ड) "निरीक्षक" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ को दफा २१ बमोजिमको वातावरण निरीक्षकलाई सम्झनुपर्छ।

(ढ) "खाद्य स्तरको भर्जिन प्लाष्टिक ग्रयानुल्स (Virgin food grade Plastic Granules)" भन्नाले रिसाइकल प्लाष्टिक प्रयोग नगरिएको, क्षयीकरण प्रतिरोधक (Corrosion Resistance), चिस्यान नसोस्ने र रसायनहरु लिच (Leach) नहुने भर्जिन प्लाष्टिक ग्रायनुल्स सम्झनुपर्छ।

(ण) "भर्जिन प्लाष्टिक ग्रयानुल्स (Virgin Plastic Granules)" भन्नाले रिसाइकल प्लाष्टिक प्रयोग नगरिएको वा भर्जिन वस्तुबाट बनेका प्लाष्टिक ग्रयानुल्स सम्झनुपर्छ।

(त) "प्राकृतिक रङ्गका प्लाष्टिक झोला" भन्नाले उत्पादन प्रक्रियामा कृत्रिम रङ्ग सिर्जना गर्नका लागि प्रयोग गरिने Master batch वा अन्य कुनै रसायन प्रयोग नगरिकन बनाइएका झोलाहरुलाई सम्झनुपर्छ।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

(थ) "सम्बन्धित निकाय" भन्नाले ऐनको दफा २ को खण्ड (भ) बमोजिमको निकाय सम्झनुपर्छ ।

(द) "मोटाई" भन्नाले डेड वेट थिकनेस टेस्टर (dead weight thickness tester) बाट मापन गरिएको प्लाष्टिक झोलाको एक पत्रको मोटाई (wall thickness) लाई सम्झनुपर्छ ।

(ध) "विस्तारित उत्पादक दायित्व (Extended Producer Responsibility-EPR)" भन्नाले उत्पादकलाई आफ्ना उत्पादनहरुको सम्पूर्ण जीवनचक्र (Lifecycle) मा उत्तरदायी बनाउने एक नीतिगत दृष्टिकोण सम्झनुपर्छ ।

३. <u>प्लाष्टिक झोलाको मापदण्ड</u>: (१) ४० माइक्रोन भन्दा कम मोटाइका प्लाष्टिक झोलाको उत्पादन, आयात, भण्डारण, विक्री वितरण तथा प्रयोग गर्न पाइने छैन।

(२) प्लाष्टिक झोलाको उत्पादन गर्दा अनूसूची (१) बमोजिमको कच्चा पदार्थ र अनूसूची (२) मा उल्लेखित गुणहरु भएका कच्चा पदार्थ मात्र प्रयोग गर्नुपर्नेछ ।

(३) ७ इन्च ×१४ इन्च वा सोभन्दा ठूलो साइजका प्लाष्टिक झोलाहरुको मात्र उत्पादन, आयात, भण्डारण, विक्री वितरण तथा प्रयोग गर्नु पर्नेछ ।

(४) १४ इन्च ×२८ इन्च वा सोभन्दा ठूलो साइजका गार्वेज झोलाहरुको मात्र उत्पादन, आयात, भण्डारण, विक्री वितरण तथा प्रयोग गर्नु पर्नेछ ।

(५) गार्वेज झोला उत्पादन गर्न भर्जिन प्लाष्टिक ग्रयानुल्स (Virgin Granules) का साथै स्वदेशमै उत्पादित रिसाइकल्ड ग्रयानुल्स (Recycled granules) पनि प्रयोग गर्न सकिनेछ।

४. <u>विवरण खुलाउनुपर्ने</u>: (१) अन्य कुराका अतिरिक्त प्रत्येक झोलाको बाहिरी भागमा नमेटिने खालको मसी (Permanent Ink) प्रयोग गरी देहायका विवरणहरु उल्लेख गरेको हुनुपर्नेछ।

(क) उत्पादन गर्ने कम्पनी/उद्योगको नाम र ठेगाना।

(ख) अनूसूची (४) बमोजिमको पुनः चक्रण (Recycle) को लोगो/चित्र।

(ग) प्लाष्टिक झोलाको मोटाइ (माइक्रोन) र साइजको विवरण।

(घ) भर्जिन ग्रयानुल्सबाट बनेको व्यहोरा (गार्वेज झोला बाहेक)।

(ङ) छपाइको न्यूनतम साइज १८ - २० फन्टको हुनुको साथै स्पष्ट रुपमा छापिएको हुनुपर्नेछ ।

(च) गार्वेज झोलाको हकमा "फोहर संकलनको लागि मात्र" भनेर उल्लेख भएको हुनुपर्नेछ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) बमोजिमको विवरण भएको सुनिश्चतता गर्ने दायित्व प्लाष्टिक झोला उत्पादक, आयातकर्ता, भण्डारणकर्ता तथा विक्रेताको हुनेछ।

(३) उपदफा (१) बमोजिमको विवरण खुलाउँदा प्लाष्टिक झोला उत्पादकले आफ्नो उत्पादनलाई देहाय बमोजिमको रङ्गको आधारमा अनिवार्य रुपमा वर्गीकरण गरी त्यस्तो झोला कुन काममा प्रयोग हुने हो सो सम्बन्धी व्यहोरा झोलामा उल्लेख गरेको हुनुपर्नेछः-

(क) खाद्यान्न, पानी तथा औषधीजन्य वस्तु प्रयोगको लागि प्राकृतिक (Natural) रङ्ग।

(ख) गार्बेज झोलाको लागि कालो रङ्ग ।

(ग) खण्ड (क) र (ख) मा उल्लेख भए बाहेकको रङ्गका प्लाष्टिकलाई अखाद्य पदार्थ ओसार पसारको लागि प्रयोग गर्न सकिनेछ।

५. <u>उत्पादकले पालना गर्नुपर्नेः</u> (१) आफुले उत्पादन गरेको प्लाष्टिक झोलामा उत्पादन गर्ने कम्पनी वा उद्योगको नाम तथा दफा ४ को उपदफा (१) बमोजिमको विवरण उल्लेख गर्नुपर्नेछ।

(२) आफ्नो उद्योग परिसर सफा र स्वच्छ राख्नुपर्नेछ।

(३) प्रत्येक उत्पादकसंग प्लाष्टिक झोलाको साइज तथा मोटाइ मापनका लागि क्यालिब्रेटेड उपकरण रहेको हुनुपर्नेछ।

(४) उत्पादनको संख्या, साइज र ब्याच नं. को अभिलेख राख्नुपर्नेछ।

(५) साइजको आधारमा प्रत्येक ब्याचमा लिइएको मोटाइको अभिलेख राख्नुपर्नेछ।

(६) प्लाष्टिक झोला उत्पादन गर्दा निष्काशन भएको फोहरजन्य पदार्थको अभिलेख राख्नुपर्नेछ।

(७) प्लाष्टिक झोला उत्पादन गर्दा निष्काशन हुने फोहोरजन्य पदार्थको उचित तवरले व्यवस्थापन गर्नुपर्नेछ ।

(८) प्रत्येक आर्थिक वर्षमा उत्पादित झोलाको विवरण विभागलाई उपलब्ध गराउनु पर्नेछ।

(९) विस्तारित उत्पादक दायित्व (Extended Producer Responsibility-EPR) अवधारणा अन्तर्गत आफूले उत्पादन गरेको प्लाष्टिक झोलाको कम्तिमा दश प्रतिशत मात्रा हुने गरी प्लाष्टिक फोहोरको व्यवस्थापन गर्नुपर्नेछ र त्यस्तो विवरण वार्षिक रुपमा विभागमा पेश गर्नु पर्नेछ ।

नेपाल सरकार ... तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

(१०) निरीक्षण टोलीले माग गरे अनुरुप देहाय बमोजिमको अभिलेखको विवरण उपलब्ध गराउनु पर्नेछ,-

(क) कच्चा पदार्थको गुणस्तरका सम्बन्धमा कच्चा पदार्थ उत्पादकले प्रदान गरेको प्रमाणपत्र।

(ख) उत्पादनको विवरण, उत्पादन अभिलेख, फोहरमैलाको अभिलेख र पुनः प्रयोगको अभिलेख।

(ग) खाद्यान्न, पानी तथा औषधीजन्य वस्तु ओसारपसारका लागि उत्पादन गरिएको प्लाष्टिक झोलाको लागि खाद्य स्तरको भर्जिन प्लाष्टिक ग्रयानुल्स (Virgin Food Grade Plastic Granules) मात्र प्रयोग गरिएको र अन्य अखाद्य पदार्थ ओसार पसारको लागि उत्पादन गरिएको प्लाष्टिक झोलाको लागि भर्जिन प्लाष्टिक ग्रयानुल्स (Virgin Plastic Granules) मात्र प्रयोग भएको स्पेसिफिकेसन/ डाटासिट/सर्टिफिकेटको अभिलेख।

६. आयातकर्ताले पालना गर्नुपर्नेः (१) मापदण्ड बमोजिमका प्लाष्टिक झोला मात्र आयात गर्नु पर्नेछ।

(२) आयातित झोलाको संख्या, साइज लगायत विक्री परिमाण तथा क्रेताको अभिलेख दुरुस्त राख्नु पर्नेछ।

(३) प्लाष्टिक झोलाको रङ्ग, गुण तथा साइजका सम्बन्धमा यस निर्देशिकामा उल्लेख भए अनुसारको झोलाको मात्र कारोबार गर्ने र सो को पुस्टयाईं गर्ने कागजात विभागलाई उपलब्ध गराउनु पर्नेछ।

(४) प्रत्येक आयातकर्तासँग प्लाष्टिक झोलाको साइज तथा मोटाइ मापन गर्ने क्यालिब्रेटेड उपकरण रहेको हुनु पर्नेछ।

(५) प्रत्येक आर्थिक वर्षमा आफूले आयात गरेको प्लाष्टिक झोलाको विवरण विभागमा पेश गर्नु पर्नेछ।

(६) विस्तारित उत्पादक दायित्व (Extended Producer Responsibility-EPR) अवधारणा अन्तर्गत आफूले आयात गरेको प्लाष्टिक झोलाको कम्तिमा दश प्रतिशत मात्रा हुने गरी प्लाष्टिक फोहोरको व्यवस्थापन गर्नुपर्नेछ र त्यस्तो विवरण वार्षिक रुपमा विभागमा पेश गर्नु पर्नेछ ।

७. विक्रेताले पालना गर्नुपर्नेः (१) यस निर्देशिकामा उल्लेख भए बमोजिमको गुणस्तरको झोला मात्र बिक्री तथा प्रयोग गर्नु पर्नेछ।

(२) यस निर्देशिकामा तोकिएको मापदण्ड नपुगेका प्लाष्टिकको झोला विक्रीका लागि आएमा सम्बन्धित स्थानीय तहलाई तुरुन्त जानकारी गराउनु पर्नेछ।

(३) दफा ४ को उपदफा (३) बमोजिम छुट्ट्याएका रङ्ग अनुसार प्रयोग गर्ने र उपभोक्तालाई जानकारी गराउनु पर्नेछ।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

(४) आफ्नो विक्रि स्थलभित्र फ्याँकिएका सबै प्लाष्टिक झोलाहरु संकलन गरी प्लाष्टिक झोलाको व्यवस्थापन आफै गर्नु पर्नेछ।

८. <u>प्रयोगकर्ताले पालना गर्नुपर्ने</u>: (१) प्लाष्टिक झोला प्रयोगकर्ता दफा ३ मा उल्लिखित मापदण्ड बमोजिमका प्लाष्टिक झोला मात्र प्रयोग गर्नु पर्नेछ।

(२) सकेसम्म प्लाष्टिक झोला कम प्रयोग गर्दै प्लाष्टिक झोलाको सट्टा वातावरणमैत्री वैकल्पिक झोलाको प्रयोग गर्नु पर्नेछ।

(३) घर तथा अन्य क्रियाकलापबाट निस्कने फोहोरमैला निर्देशित ठाउँमा फ्याँक्न गार्बेज झोला प्रयोग गर्नु पर्नेछ।

(४) प्रयोग गर्न मिल्ने भएसम्म प्लाष्टिक झोला पुनः प्रयोग गर्नु पर्नेछ।

(५) प्रयोगमा नआउने प्लाष्टिक झोलालाई संकलन गरी सफा गरी उपयुक्त ढङ्गले व्यवस्थापन गर्नु पर्नेछ।

(६) प्लाष्टिक झोला खुला रुपमा नजलाउने र कसैले यस निर्देशिका बमोजिम उत्पादन, भण्डारण, आयात, बिक्री वितरण र प्रयोग गरेको पाईएमा सम्बन्धित निकायलाई जानकारी गराउनु पर्नेछ।

९. <u>नियमन गर्ने र निर्देशन दिने</u>: (१) विभागले यस निर्देशिका बमोजिम प्लाष्टिक झोलाको उत्पादन, आयात, भण्डारण, विक्री वितरण तथा प्रयोगको नियमन गर्नेछ ।

(२) विभागले ऐन वा नियमावली बमोजिम निरीक्षक खटाई उपदफा (१) बमोजिमको कार्यहरुको अनुगमन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम खटाईएको निरीक्षकले अनुगमन गर्दा नियमावलीको नियम २३ को उपनियम (१) बमोजिम गर्न सक्नेछ । साथै निरीक्षकले विभागमा अनुसूची (५) बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(४) विभागले निरीक्षकले पेश गरेको प्रतिवेदनको आधारमा नियमावलीको नियम २३ को उपनियम (२) बमोजिम गर्न सक्नेछ ।

(५) ऐन तथा नियमावली बमोजिम निरीक्षकबाट निरीक्षण भई प्राप्त प्रतिवेदन बमोजिम ऐनको दफा ३५ को उपदफा (३) बमोजिम जरिवाना हुने अवस्था देखिएमा विभागले सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ।

(६) मन्त्रालयले प्लाष्टिक झोलाको प्रयोगको सम्बन्धमा अनूसूची (३) बमोजिम न्यूनीकरण गर्न, पुनः प्रयोग गर्न, विस्थापन गर्न, पुनः चक्रण गर्न वा रुपान्तरण गर्न उत्पादक, आयातकर्ता, विक्रेता वा प्रयोगकर्तालाई उत्प्रेरणा तथा सहजीकरण गर्न गराउन र प्लाष्टिक झोलाको वातावरणमैत्री विकल्पको सम्बन्धमा विभागलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१०. <u>नेपाल सरकारबाट स्विकृत कार्ययोजना बमोजिम कार्य गर्ने</u>: (१) विभागले निर्देशिकाको कार्यान्वयन गर्दा नेपाल सरकार, मन्त्रिपरिषदबाट स्विकृत प्लाष्टिक झोला व्यवस्थापन सम्बन्धी

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

कार्ययोजना बमोजिमको केन्द्रीय अनुगमन समितिको मार्गदर्शनमा र प्रदेश अनुगमन समिति वा स्थानीय अनुगमन समितिको समन्वयमा कार्य गर्नेछ ।

(२) विभागले उपदफा (१) बमोजिम कार्य गर्दा कार्ययोजना बमोजिमको केन्द्रीय अनुगमन समितिको सचिवालयको रुपमा समितिलाई तोकिएको जिम्मेवारी तथा कार्ययोजनको कार्यान्वयन गर्नेछ ।

(३) विभागले कार्ययोजना तथा यस निर्देशिका बमोजिम कार्य गर्दा सरोकारवाला व्यक्ति, संस्था वा निकायसँग समन्वय गरी कार्य गर्नेछ ।

११. <u>मार्गदर्शनको रुपमा लिन सक्ने</u>: (१) प्रदेश सरकार वा स्थानीय तहले यस निर्देशिकालाई मार्गदर्शनको रुपमा लिई कार्यान्वयन गर्न सक्नेछन्।

(२) प्रदेश सरकार वा स्थानीय तहले नियमन वा नियन्त्रण गर्ने प्रयोजनका लागि आवश्यकता अनुसार समिति गठन गर्न सक्नेछन्।

१२. <u>मन्त्रालयले निर्देशन दिन सक्ने</u>: यस निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्नका लागि मन्त्रालयले विभागलाई निर्देशन दिन सक्नेछ।

१३. <u>निर्देशिका विपरित कार्य गर्न नहुने</u>: (१) दफा ३ बमोजिमको मापदण्ड विपरित भएका वा दफा ४ बमोजिमको विवरण उल्लेख नभएका प्लाष्टिक झोलाको उत्पादन, आयात, भण्डारण, बिक्री वितरण वा प्रयोग भएमा यस निर्देशिका विपरितको कार्य भएको मानिनेछ ।

(२) उपदफा (१) मा उल्लिखित कार्य गर्ने व्यक्ति वा संस्थालाई ऐन बमोजिम कारबाही गर्न सकिनेछ।

१४. <u>पालना गर्नुपर्ने</u>: यस निर्देशिका बमोजिम तोकिएको मापदण्ड वा मन्त्रालय वा विभागले समय समयमा दिएको आदेश वा सूचना सम्बन्धित सबैले पालना गर्नु पर्नेछ।

१५. <u>खारेजी र बचाउ</u>: (१) प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०६८ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको निर्देशिका बमोजिम भए गरेका काम कारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनूसूची १

(दफा २ को खण्ड (ग) र दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**प्लाष्टिक झोलाको लागि चाहिने कच्चा पदार्थ**

क) यस्ता प्लाष्टिक झोला बनाउन मुख्य कच्चापदार्थको रुपमा उच्च आणविक उच्च घनत्व भएको पोलिथिन (High Molecular High Density Polyethylene, HM-HDPE) (Film grade) ग्रयानुल्स प्रयोग गरिन्छ ।

ख) खाद्यान्न, पानी तथा औषधीजन्य वस्तुका लागि प्रयोग हुने बाहेकका पोलिथिनका ग्रयानुल्समा विभिन्न किसिमका Master batch हरु थप्न सकिनेछ, जसले निश्चित रङ्गका पोलिथिन झोला उत्पादन गर्न सहयोग पुऱ्याउँछन् ।

ग) चुनढुङ्गा (Calcium Carbonate) मा आधारित केही Filler हरु पनि थप्न सकिनेछ । साथै खाद्यान्न, पानी तथा औषधीजन्य वस्तुका लागि प्रयोग हुने बाहेकका पोलिथिनमा Master batch र Filler पनि संगसंगै प्रयोग गर्न सकिनेछ ।

घ) खाद्यान्न, पानी तथा औषधीजन्य वस्तु प्रयोगको लागि खाद्य स्तरको भर्जिन प्लाष्टिक ग्रयानुल्स (Virgin food grade Plastic Granules) मात्र प्रयोग गर्ने र अन्य अखाद्य पदार्थ ओसार पसारको लागि प्रयोग गर्न भर्जिन प्लाष्टिक (Virgin Plastic Granules) प्रयोग गर्ने ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनूसूची २

(दफा २ को खण्ड (ग) र दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

<u>उच्च आणविक उच्च घनत्व भएको पोलिथिन ग्रयानुल्स कच्चा पदार्थका गुणहरु</u>

क) Melt Flow Index at 21.6 kg @ 190°C = 6-8g/10 min

ख) Density = 0.948-0.955 $g/cm^3$

ग) Vicat Softening point = 125-130°C

घ) Melting Temperature = 130-133°C

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनूसूची ३

(दफा २ को खण्ड (ञ) र दफा ९ को उपदफा (६) सँग सम्बन्धित)

**"५ - आर" को परिभाषा**

पहिलो आर "न्यूनीकरण (Reduction)" - प्लाष्टिक झोलाको खपत तथा प्रयोग घटाउने।

दोस्रो आर "पुनः प्रयोग (Reuse)" - एउटै प्लाष्टिक झोलालाई पटक पटक प्रयोगमा ल्याउने।

तेस्रो आर "विस्थापन (Replace)" - प्लाष्टिक झोलाको प्रयोगलाई वातावरणमैत्री विकल्पले विस्थापित गर्ने।

चौथो आर "पुनः चक्रण (Recycle)" - प्रयोग भैसकेका प्लाष्टिक झोलालाई अन्य उपयोगी सामग्रीहरु बनाउनको लागि प्रयोग गर्ने।


पाँचौ आर "रुपान्तरण (Recover)" - खेर गएका प्लाष्टिकबाट वातावरणमैत्री तवरले अन्य उपयोगी कार्य गर्ने।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनूसूची ४

(दफा ४ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धीत)

<u>पुनः चक्रण (Recycle) को लोगो/चित्र (Pictorial depiction)</u>




नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनूसूची ५

(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

### अनुगमन प्रतिवेदनको ढाँचा

अनुगमन प्रतिवेदनको शुरु पृष्ठमा शिर्षक, पेश गरिएको निकाय, प्रतिवेदकहरुको नाम, पेश गरिएको महिना, वर्ष उल्लेख गर्न सकिनेछ ।शुरु पृष्ठपछि प्रतिवेदनको कार्यकारी शारांश, प्रतिवेदनमा प्रयोग गरिएका छोटकरी नाम र विषयसूचि पनि राख्न सकिनेछ ।

१. विषय प्रवेश

२. संस्था (उत्पादक/आयातकर्ता/भण्डारणकर्ता/विक्रेता/प्रयोगकर्ता)को परिचय

(संस्थाको नाम र ठेगाना, संस्थाको उद्देश्य, प्यान नं, स्थापना भएको मिति, फोन नं, इमेल, उत्पादन, उत्पादन क्षमता, प्रयोग गर्ने मुख्य कच्चा पदार्थहरु लगायतका जानकारी संलग्न गर्न सकिनेछ ।)

३. सम्बन्धित नीति, कानून, निर्देशिका तथा मापदण्ड

४. अनुगमन गर्दा अपनाईएको विधि

५. पहिचान भएको वस्तुगत अवस्था

(क) अनुगमनको क्रममा प्लाष्टिक झोलाको मापदण्ड पालना भए नभएको सम्बन्धमा सङ्कलन गरिएको तथ्याङ्क निम्नानुसारको तालिकामा राख्न सकिनेछ ।

| क्र.सं. | प्लाष्टिक झोलाको मोटाई | साइज | लेबलिङ भए नभएको | झोलाको रङ | मापदण्ड पालना भए नभएको (४० माइक्रोन) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

(ख) निर्देशकामा उल्लेखित प्लाष्टिक झोलाको मापदण्डमा भएको अन्य व्यवस्था कार्यान्वयन भए नभएको, उत्पादक/आयातकर्ता/भण्डारणकर्ता/विक्रेता/प्रयोगकर्तालेे पालना गर्नुपर्ने शर्तहरु पालना भए नभएको सम्बन्धमा अनुगमन गरिएको भए सोको विवरण, मान्यता प्राप्त प्रयोगशालामा परीक्षण गर्नुपर्ने भएमा परीक्षण गरि सोबाट प्राप्त नतिजा समेत उल्लेख गर्न सकिनेछ ।

ग) अनुगमनबाट प्राप्त वस्तुगत विवरणले सम्बन्धित नीति, कानून, निर्देशिका तथा मापदण्डको परिपालना भए नभएको सम्बन्धमा विश्लेषण समेत गरी उल्लेख गर्न सकिनेछ ।

६. संस्थालाई स्थलगत रुपमा दिएको सुझाव तथा निर्देशन

७. संस्थाको वातावरणीय व्यवस्थापनमा गरिनुपर्ने सुधारहरु

७. निष्कर्ष एवं सिफारिस

आवश्यकताअनुसार प्रतिवेदनको अन्तिममा सन्दर्भ सामग्री र अनुसूची राख्न सकिनेछ ।

प्रतिवेदकहरुले प्रतिवेदनको सबै पृष्ठमा हस्ताक्षर गर्नुपर्नेछ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं